रामनगर गाउँपालिका
RAMNAGAR RURAL MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
रामनगर, सर्लाही
Ramnagar, Sarlahi
२०७३

२ नं. प्रदेश ,नेपाल
2 No. Province, Nepal

(प्रथम पटक प्रकाशित सूचना २०७५/०३/२२)

पत्र संख्या(L/No). ०७४-७५
चलानी नं. ६५४

मिति :-२०७५।३/२२

उपरोक्त सम्बन्धमा यस रामनगर गाउँपालिका सिमा क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको नदिहरुवाट आ.व. ०७५/७६ को लागि माछा मार्ने कामको ठेक्का मिति २०७५/३/२० गतेको निर्णयानुसार ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक व्यक्ति वा फर्मलाई तोकिएको सर्तहरुको अधिनमा रहि रितपुर्वकको गोप्य सिलबन्दी वोलपत्र यस कार्यालयमा पेश गर्न सम्बन्धी सवैको जानकारिकोलागि सात दिने सूचना प्रकाशन गरिएको छ ।

| | | | न्यूनतम रकम | वोलपत्र रकम |
|---|---|---|---|---|
| १ | **वागमती नदिका माछा मार्ने क्षेत्रहरु** | | | |
| | क) | धनकौल गाउँलिकाको सिमाना देखि रामनगर गा.पा.को सिमाना खैर्वा धुर्वा सम्म | १,०१,१००/- | ५००/- |
| २ | **मनुस्मारा नदिका माछा मार्ने क्षेत्रहरु** | | | |
| | क) | धनकौल गा.पा.को सिमाना देखि रामनगर वहुअर्वा पूल सम्म | ७१,०००/- | ५००/- |
| | ख) | रामनगर वहुअर्वा पूलदेखि सुदामा वैरेज सम्म | १,०५,०००/- | ५००/- |
| | ग) | सुदामा वैरेज देखि रामनगर गा.पा.को धुर्वा सिमाना सम्म | ६०,५००/- | ५००/- |
| ३ | **एकादशि खोलाका माछा मार्ने क्षेत्र** | | | |
| | क) | धनकौल गा.पाको सिमाना देखि वागमति नदिको मुहान सम्म | ५५,०००/- | ५००/- |

**शर्तहरु**

१. ठेक्का अवधि मिति २०७५ श्रावण १ गते देखि २०७६ अशाढ मसान्त सम्म हुनेछ ।

२. वोलपत्रदाता आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३. आफुले कवोल गरेको अंकको नेपाली नागरिक भएमा ५ प्रतिसत र विदेशि नागरिक भए १० प्रतिशत धरौटि रकम राखि पेश गर्नु पर्ने छ । साथै नागरिकता तथा माछा मार्ने व्यवसाय अनुमति पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

४. जुन व्यक्ति वा फर्मको नाम वाट वोलपत्र खरिद भएको हो सोहि व्यक्ति वा फर्मको नाममा वोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नामवाट दर्ता गराएको वोलपत्रलाई मान्यता दिइनेछैन । साथै हुलाक सेवा, कुरियर आदि वाट पठाएको वोलपत्र स्वीकार्य हुने छैन ।

५. सिलबन्दी खाममा कुनकुन वस्तु वा कार्यको लागी वोलपत्र दाखिला गरेको हो ? स्पष्ट रुपले खुलाउनु पर्नेछ साथै वोलपत्र दातको नाम र ठेगाना स्पष्ट रुपले खामको वाहिर उल्लेख गर्नुपर्नेछ ।

६. यो सूचना प्रकाशित भएको मितिले (७)सातौ दिन भित्र वोलपत्र फारम रामनगर गा.पाको कार्यालयवाट खरिद गरि (८)आठौं दिनको ३:०० वजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र भोलिपल्ट दिनको १:०० वजे देखि वोलपत्र खोल्ने कार्य हुनेछ । वोलपत्र फारम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

७. माछाको वोलपत्र दाखिला गर्दा सम्वन्धित कार्यालयवाट प्राप्त गरेको अनुमति पत्रको प्रतिलिपि संलग्न राखि पेश गर्नुपर्ने छ ।

७५/३/२२
प्रमुख प्रशासकिय अधिकृत

Scanned by CamScanner